# ठगवृतिहरूबाट सुरक्षित रहनुहोस्

CommBank मा विश्वास र सुरक्षा हाम्रो लागि उच्च प्राथमिकता हो। ग्राहकहरूलाई ठगहरूले दबाब दिएर वा छलेर उनिहरुलाई पैसा पठाउन लगाएको बढ्दो घटनाहरू हामी देखिरहेका छौं। यी ठगवृतिहरू जटिल हुन सक्छन् र विभिन्न रूपमा आउन सक्छन्। निगरानी गरीराख्नु र केहि ठीक लागेन भने हामीलाई थाहा दिनु महत्त्वपूर्ण छ। आफु कसरी सुरक्षित रहने र ठगवृति रिपोर्ट गर्ने बारे थप जान्नको लागि **commbank.com.au/safe** हेर्नुहोस्।

## निर्धारिकरण र प्रमाणीकरण

- CommBank एपमा सुरक्षा जाँच पूरा गर्नुहोस्।
- बहु-विधी प्रवेश निर्धारिकरण सक्षम गर्नुहोस्, जसले तपाईंको पहिचान प्रमाणित गर्न थप जाँच थप्छ।
- बैंकबाट फोन गरेको हो भनि दाबी गर्नेवालाहरूको पहिचान प्रमाणित गर्न **CallerCheck** प्रयोग गर्नुहोस्।
- तपाईंले आफूलाई प्रमाणित गर्न शाखामा जाँदा हाम्रा कर्मचारीहरूका लागि **CustomerCheck** प्रयोग गर्नुहोस्।
- यदि पहिलो पटकको भुक्तानीमा खाता विवरणहरू ठीक देखिएन भने **NameCheck** ले तपाईंलाई संकेत गर्नेछ।

## उपकरण र भुक्तानी सुरक्षा

- एन्टिभाइरस सफ्टवेयरलाई अद्यावधिक गरी राख्नुहोस् र तपाईंको कम्प्युटरलाई सामान्य खतराहरूबाट जोगाउनुहोस्।
- ट्यापिङ वा आफ्नो कार्ड घुसाउने जस्ता सुरक्षित भुक्तानी विधिहरू प्रयोग गर्नुहोस्।
- तपाईंको डिजिटल वालेट (digital wallet) मा पहुँच भएका उपकरणहरू साझेदारी नगर्नुहोस्।

## पासवर्ड र व्यक्तिगत जानकारी

- पासवर्ड वा पिनहरू कहिल्यै साझेदारी नगर्नुहोस्, र व्यक्तिगत जानकारी साझा गर्दा सावधान रहनुहोस्।
- CommBank का कर्मचारी लगायत कसैलाई पनि आफ्नो नेटकोड कहिल्यै नदिनुहोस्।
- तपाईंले कुनै पनि बेला NetBank र CommBank एपमा आफ्नो पासवर्ड परिवर्तन गर्न सक्नुहुन्छ।
- बलियो पासवर्डहरू बनाउनुहोस् र त्यसलाई नियमित रूपमा परिवर्तन गर्ने गर्नुहोस्। पासवर्ड बनाउने बारे हाम्रो सुझावहरूको लागि, commbank.com.au/password-security हेर्नुहोस्।

## इमेल, एस. एम. एस. र अनलाइन

- संकास्पद इमेल वा एस.एम.एस.का लिङ्कहरूमा नथिच्नुहोस्।
- यदि तपाईं म्यासेजको बारेमा यकीन हुनुहुन्न भने, तपाईंले विश्वास गर्ने कसैसँग छलफल गर्नुहोस् वा आधिकारिक सम्पर्क विवरणहरूद्वारा संस्थालाई सिधै सम्पर्क गर्नुहोस्।
- तेस्रो पक्षहरूबाट स्वचालित, संकास्पद वा धम्कीपूर्ण फोन कलहरू काटि दिनुहोस्।
- सामाजिक सञ्जाल र अनलाइन स्थानहरूमा रहेका अज्ञात सम्पर्कहरूबाट सावधान रहनुहोस्।

## रोक्नुहोस्। जाँच गर्नुहोस्। अस्वीकार गर्नुहोस्।

**रोक्नुहोस्।** के केहि गडबडि देखिन्छ? यदि शंका लाग्यो भने, सबै भन्दा राम्रो कुरा रोक्नु (अगाडि नबढ्नु) हो। शान्त हुनुहोस्।
**जाँच गर्नुहोस्।** तपाईंले विश्वास गर्ने कसैलाई भन्नुहोस् वा संस्थाको आधिकारिक सम्पर्क विवरणहरूद्वारा त्यसलाई सिधै सम्पर्क गर्नुहोस्।
**अस्वीकार गर्नुहोस्।** फोन काट्नुहोस्, इमेल मेटाउनुहोस्, फोन नम्बर ब्लक गर्नुहोस्। आफ्नो पासवर्ड परिवर्तन गर्नुहोस्।

यदि तपाईंलाई आफु ठगीको शिकार बनेको जस्तो लागेको छ भने 13 22 21 मा **CommBank लाई तुरुन्त सम्पर्क गर्नुहोस्।**, वा +61 2 9999 3283 मा विदेशबाट।

यदि अंग्रेजी तपाईंको पहिलो भाषा होइन भने, सरकारको नि:शुल्क अनुवाद तथा दोभाषण सेवा (Translation and Interpreting Service) ले तपाईंलाई हामीसँग संवाद गर्न मद्दत गर्न सक्छ। यो सेवा १५० भन्दा बढी भाषाहरूमा उपलब्ध छ। तपाईंले हामीलाई फोन गर्दा वा शाखामा आउदा हामी यो सेवाको व्यवस्था गर्न सक्छौं।

**तपाईंले जान्नै पर्ने कुराहरू:** हामी तपाईंलाई तपाईंको नेटबैंक ग्राहक आईडी (NetBank Client ID), पासवर्ड, वा नेटकोड (NetCode) जस्ता बैंकिङ जानकारी माग्ने इमेल वा एस.एम.एस. कहिल्यै पठाउने छैनौं; वा इमेल वा एस.एम.एस.बाट सीधै लगइन गर्ने लिङ्क समावेश गर्ने छैनौं। सधैँ ब्राउजरमा commbank.com.au लेख्नुहोस् वा सुरक्षित रूपमा आफ्नो बैंकिङ पहुँच गर्न CommBank एप प्रयोग गर्नुहोस्। CommBank बाट आएको केहि कुरा शंकास्पद देखियो भने, त्यसलाई hoax@cba.com.au मा फर्वर्ड गर्नुहोस् (अगाडि बढाई दिनुहोस्) र त्यसलाई मेटाउनुहोस्। कमनवेल्थ बैंक अफ अष्ट्रेलिया ए.बी.एन. ४८ १२३ १२३ १२४ ए.एफ.एस.एल. र अष्ट्रेलियाली ऋण कारोबार इजाजतपत्र २३ ४९ ४५ ।

# सामान्य ठगवृति बारे महत्त्वपूर्ण जानकारी

## लगानी (क्रिप्टो (Crypto सहितको )

ठगी गर्नेहरूले व्यक्तिहरूलाई उच्च प्रतिफल दिने वाचा दिएर लोभ्याउँछन्, जसमा प्राय: क्रिप्टो वा अन्य लगानीका अवसरहरू समावेश हुन्छन्। ठगी गर्नेहरूले फोन, इमेल वा सामाजिक मिडिया स्थानहरू मार्फत तपाईंलाई सम्पर्क गर्ने प्रयास गर्न सक्छन्।

### आफूलाई जोगाउन सुझावहरू:

- यदि त्यो साँचो हो के भन्ने जस्तो अति नै राम्रो सुनिन्छ भने, सायद त्यो हो।
- माग नागरिएका कुरा प्रस्ताव गरिने र लगानी गर्न वा छिटो कारबाही गर्न भनी दिने दबाबबाट सावधान रहनुहोस्।
- पहिले ASIC वेबसाइटमा कम्पनी वा ब्रोकर (अभिकर्ता)को वैधता प्रमाणित गर्नुहोस्।

## दूर पहुँच

जहाँ कोही ठगले उ कुनै विश्वासिलो कम्पनी वा संस्थाबाट भएको बहाना बनाउदै तपाईंलाई फोन गर्छ र तपाईंको खाता वा उपकरणमा प्रवेश गर्ने प्रयास गर्छ।

### आफूलाई जोगाउन सुझावहरू:

- कोही पराईले अनुरोध गरेपनि वा फोन गरेर दबाब दिएपनि कहिल्यै दूर पहुँच सफ्टवेयर डाउनलोड नगर्नुहोस्।
- जाहिले पनि तपाईंले संस्थालाई तिनीहरूको आधिकारिक वेबसाइटमा राखिएका वैध सम्पर्क विवरणहरूमा फोन सम्पर्क गर्न सक्नुहुन्छ।
- यदि तपाईंलाई कसैले CommBank बाट गरेको दाबी गर्दै फोन गरे भने, तपाईंले जाहिले पनि in-app CallerCheck को सुविधाद्वारा फोनकल प्रमाणित गर्न हामीलाई अनुरोध गर्न सक्नुहुन्छ।

## व्यापारिक ईमेल सम्झौता गरिने

ठगहरूले पहुँच गरेका ठेगानाबाट व्यवसायहरूलाई लक्षित गरी इमेलहरू पठाउन सक्छन्, वा तिनीहरू विश्वसनीय सम्पर्क, जस्तै: तपाईंको सहायक, ग्राहक, वकिल, प्रबन्धक वा आपूर्तिकर्ताबाट आएको जस्तो देखिने गरी बनाइएका इमेलहरू पठाउन सक्छन्।

### आफूलाई जोगाउन सुझावहरू:

- पहिलो पटक भुक्तान गर्नु वा भुक्तानी विवरण परिवर्तन गर्नु अघि, पहिले विवरण पुष्टि गर्न संगठनलाई तिनीहरूको आधिकारिक सम्पर्क नम्बरमा कल गर्नुहोस्।
- भुक्तानी गर्दा खाताको नाम दिइएको BSB र खाता नम्बरसँग मेल खान्छ खाँदैन भनेर हेर्न NameCheck को सुविधा प्रयोग गर्नुहोस्।
- जालसाजी प्रयासहरू पहिचान गर्न र रिपोर्ट गर्न कर्मचारीहरूलाई तालिम दिनुहोस्।

## जालसाजी र किर्ते मेसेज (पाठ सन्देश)

ठगहरूले भ्रामक इमेल वा पाठ सन्देशहरू प्रयोग गर्छन् जसमा तपाईंलाई धोखाधडी वेबसाइटमा लैजाने लिङ्क समावेश हुन सक्छ वा संवेदनशील व्यक्तिगत जानकारी सोध्न सक्छ।

### आफूलाई जोगाउन सुझावहरू:

- संकास्पद इमेल वा एस.एम.एस.का लिङ्कहरूमा क्लिक नगर्नुहोस्।
- तपाईंले उपलब्ध आधिकारिक सम्पर्क विधिहरू प्रयोग गरेर संस्थालाई सिधै सम्पर्क गरेर सन्देशको प्रामाणिकता पुष्टि गर्न सक्नुहुन्छ।
- CommBank बाट कुनै पनि संकास्पद सन्देशहरूलाई hoax@cba.com.au मा रिपोर्ट गर्नुहोस्

# सामान्य ठगवृति बारे महत्त्वपूर्ण जानकारी

## सम्बन्ध

ठगी गर्नेहरूले सम्बन्ध बनाउन नक्कली प्रोफाइलहरू सिर्जना गर्छन् र पीडितहरूलाई पैसा वा व्यक्तिगत जानकारी पठाउन प्रयोग गर्छन्।

### आफूलाई जोगाउन सुझावहरू:

- तपाईंले विश्वास नगर्ने कसैलाई पैसा नपठाउनुहोस्, वा पासवर्ड, क्रेडिट कार्ड वा खाता विवरणहरू साझेदारी नगर्नुहोस्।
- गुगल वा सामाजिक मिडिया एपहरू मार्फत आफ्नो सम्भावित जोडीबारे अनलाइन अनुसन्धान गर्नुहोस्। तपाईंलाई पठाइएका तस्बिरहरूको स्वामित्व अरू कसैसँग पो छ कि भनेर पहिचान गर्न reverse image खोज्ने प्रयास गर्नुहोस्।
- तपाईंको अनलाइन सम्बन्धको बारेमा आफ्नो परिवार र साथीहरूसँग कुरा गर्नुहोस्। उनीहरूले दृष्टिकोणको बारे भन्न र तपाईंले याद नगरेको हुनसक्ने चेतावनी संकेतहरू पहिचान गर्न सक्लान्।

## रोजगारीको अवसर

जहाँ उच्च आर्थिक लाभको लागि प्रस्ताव गरिएको जागिरलाई थोरै वा कुनै पनि प्रयास आवश्यक नपर्ने देखिने,वा छिट्टो पैसा कमाउने वाचाहरू दिइने।

### आफूलाई जोगाउन सुझावहरू:

- उक्त कम्पनी र गरिएको प्रस्तावबारे आधिकारिक च्यानलहरू मार्फत प्रमाणित गर्नुहोस्, र उक्त कम्पनी वैध र हाल व्यापारिक छ भन्ने सुनिश्चित गर्न अनुसन्धान गर्नुहोस्।
- सामाजिक सञ्जाल, इन्क्रिप्टेड च्याट (पढ्न नसकिने बनाइएको शब्दहरु), इमेल वा चिठी, फोन वा तपाईंले नभेटेका व्यक्तिहरू वा तपाईंले नचिनेका कम्पनीहरू मार्फत दिइने कामको प्रस्तावहरूबाट सावधान रहनुहोस्।
- कुनै पनि वैध कम्पनीले तपाईंलाई अग्रिम भुक्तानी गर्न वा तपाईंको व्यक्तिगत बैंकिंग जानकारी कम्पनीको कोष वा व्यापारको सुविधाको लागी प्रयोग गर्न माग्ने गर्दैनन्।

## अनलाइन किनमेल

ठगी गर्नेहरूले अनलाइन भण्डारहरू वा विज्ञापनहरू सिर्जना गर्छन् ग्राहकहरूलाई हुदैनभएको वा नक्कली उत्पादनहरू खरिद गर्न लोभ्याउन।

### आफूलाई जोगाउन सुझावहरू:

- प्रतिष्ठित र सुरक्षित वेबसाइटहरूमा मात्र किनमेल गर्नुहोस् र कुनै पनि त्यस्ता प्रस्तावबाट सावधान रहनुहोस् जुन धेरै राम्रो देखिन्छ तर त्यो सत्य नहोला।
- सुरक्षित भुक्तान विधिहरू प्रयोग गर्नुहोस् र विक्रेताहरूलाई सिधै पैसा पठाउने नगर्नुहोस्।
- हतार नगर्नुहोस् वा 'सीमित मात्रामा उपलब्ध छ' वा बिक्रीको अन्त्य हुन लागेको छ भनी 'काउन्टडाउन' द्वारा गरिने दबाबमा नपर्नुहोस्।

## धम्की र सजाय

ठगी गर्नेहरूले अधिकारी वा विश्वसनीय संस्थाहरूको नक्कल गरेर जरिवाना वा कानुनी कारबाहीको धम्की दिएर पैसा उठाउने गर्छन्।

### आफूलाई जोगाउन सुझावहरू:

- धम्की दिने फोनहरु काटिदिनुहोस् र संस्थालाई सीधै सम्पर्क गर्नुहोस्।
- कुनै पनि वैध संगठनले उपहार वा स्टोर कार्डहरू मार्फत, iTunes भौचरहरू मार्फत, तार मार्फत सार्ने वा Bitcoins जस्ता असामान्य विधिहरू मार्फत भुक्तानी गर्न कहिल्यै भन्दैनन्।
- यदि तपाईं आफ्नो सुरक्षाको लागि चिन्तित हुनुहुन्छ भने, प्रहरी सहायता फोनलाइनमा सम्पर्क गर्नुहोस्।